"व्यावसायिक शिक्षा, स्वास्थ्य, कृषि, उद्यम र पूर्वाधार-ठाँटीकाँध गाउँपालिकाको समृद्धिका पाँच आधार"

---

## ठाटीकाँध गाउँपालिकाका उपाध्यक्ष श्री देवीराम वडुवाल ज्यूले प्रस्तुत गर्नुभएको

# आर्थिक वर्ष २०८३।०८४ को
# बजेट वक्तव्य

# ठाटीकाँध गाउँपालिका
# लकान्द्र, दैलेख

(मिति २०८३।०३।१० गते तदनुसार नेपाल सम्वत् सम्वत् ११४६ तछलाथ्व दशमी, बुधवार)

श्री  गाउँसभाका आदरणीय अध्यक्ष ज्यू,
गाउँसभाका सदस्य ज्यूहरु,
प्रमुख प्रशासकीय  अधिकृत ज्यू लगायत कर्मचारी हरु ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ को उपदफा (१) बमोजिम ठाटीकाँध गाउँपालिकाको उपाध्यक्षको हैसियतले "व्यवसायिक शिक्षा, स्वास्थ्य, कृषि, उद्यम र पूर्वाधार ठाटीकाँध गाउँपालिकाको समृद्धिका ५ आधार" भन्ने मूल नाराकासाथ सञ्चालन हुन गईरहेको यस ठाटीकाँध गाउँपालिकाको गाउँसभाको १९ औं अधिवेशन अन्तर्गत प्रथम वैठकमा गाउँपालिकाको आर्थिक वर्ष २०८३।०८४ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

यस अवसरमा लोकतन्त्रको प्राप्ति तथा संङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापनाको लागि विभिन्न समयमा गरिएका आन्दोलनमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात सहीदहरु प्रति भावपूर्ण श्रद्धा सुमन अर्पण गर्दछु ।साथै विभिन्न समयमा जनआन्दोलनको क्रममा घाइते तथा बेपत्ता हुनुभएका योद्धाहरु प्रति हार्दिक सम्मान व्यक्त गर्दछु ।

मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापनासँगै स्थानीय तहको दोश्रो कार्यकालको लागि सम्पन्न भएको निर्वाचन पश्चात् गठन भएको स्थानीय सरकारको चौथो वर्ष व्यतित भईसकेको छ ।न्यून आन्तरिक आयको कारण संघीय सरकार र प्रदेश सरकारको अनुदानमा भर पर्नुपर्ने परिस्थिति तथा सिमित श्रोत साधनहरुको उपयोग मार्फत जनताका असिमित चाहना र आवश्यकताहरुको परिपूर्ति गर्दै स्थानीय सरकारलाई जनताको नजिकको सरकारको रुपमा स्थापित गर्नु हाम्रो सामु चुनौतिको रुपमा रहेको परिप्रेक्ष्यमा विगत ४ वर्षमा प्राप्त भएका अनुभवहरुको आधारमा पालिकाबासीको आर्थिक, सामाजिक, साँस्कृतिक, शैक्षिक रुपान्तरण लगायत सुशासन, सेवा प्रवाह, पूर्वाधार विकास, सामाजिक समावेशीकरण, रोजगारी सिर्जना, गरीबी न्यूनिकरण,  वातावरण संरक्षण, धार्मिक, साँस्कृतिक, ऐतिहासिक तथा पुरातात्त्विक सम्पदाको संरक्षण, दिगो विकास, विपद् जोखिम व्यवस्थापन,आन्तरिक आम्दानीमा वृद्धि, विकासका प्रतिफलहरुको समानुपातिक वितरण, विकासका लागि साझेदारी जस्ता विषयहरुलाई प्राथमिकतामा राखी विकेन्द्रीकरणको अवधारणा बमोजिम आगामी आर्थिक वर्ष २०८३।०८४ को वजेट तथा कार्यक्रम तर्जुमा गरिएको छ।

प्रस्तुत वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा स्थानीय तहको योजना तर्जुमा मार्गदर्शन, २०७८ बमोजिम गाउँ कार्यपालिकाको बैठकबाट योजना तर्जुमा कार्यतालिका तय गरी सोही दिग्दर्शन बमोजिम निम्न प्रक्रिया अपनाईएको छ ।

क) आन्तरिक आयको अनुमान,
ख) नेपाल सरकार तथा कर्णाली प्रदेश सरकारबाट अनुदान, राजस्व बाँडफाँड तथा रोयल्टीको सीमा र मार्गदर्शन प्राप्त,

ग) श्रोत अनुमान तथा वजेट सिमा निर्धारण समितिबाट वजेट तथा कार्यक्रमका प्राथमिकता निर्धारणका आधार तथा विधि तयार, कूल बजेट अनुमान, सीमा निर्धारण र वजेट तर्जुमा सम्वन्धी मार्गदर्शन तयार गरी सवै वडाहरुमा जनसंख्या, भूगोलका आधारमा न्यायोचित रुपमा बजेट बाँडफाँड,

घ) सवै वडाका निर्वाचित जनप्रतिनिधिज्यूहरु तथा कर्मचारीहरुलाई योजना तर्जुमा प्रक्रिया सम्वन्धी अभिमुखीकरण,

ङ) वस्ती स्तरवाट योजना छनौट तथा प्राथमिकीकरण,

च) वडास्तरवाट योजना छनौट तथा प्राथमिकीकरण,

छ) विषयगत समितिबाट योजना र कार्यक्रमहरुको विषय क्षेत्रगत वर्गीकरण र प्राथमिकीकरण,

ज) लक्षित वर्गको उत्थान तथा विकासमा जोड सहित समावेशीकरण हुने गरी बजेट तथा कार्यक्रमहरुको बाँडफाँड र प्राथमिकीकरण,

झ) बजेट तथा कार्यक्रम तर्जुमा समितिको बैठकवाट वजेट तथा कार्यक्रमको प्राथमिकीकरण सहितको प्रस्ताव तयार गरी कार्यपालिका समक्ष पेश,

ञ) गाउँ कार्यपालिकाको वैठकमा बजेट तथा कार्यक्रम माथि छलफल तथा स्वीकृतिका लागि गाउँ सभामा पेश

**सभाध्यक्ष महोदय,**

प्रस्तुत बजेट तथा कार्यक्रम तर्जुमा गर्दा नेपालको संविधान (२०७२), चालु १६ औं पञ्चवर्षीय योजना, दिगो विकासका लक्ष्यहरु, स्थानीय सरकार सञ्चालन ऐन २०७४, स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८, नेपाल सरकार तथा कर्णाली प्रदेश सरकारबाट प्राप्त मार्गदर्शनहरु आगामी वर्षको नीति तथा कार्यक्रम, विभिन्न राजनीतिक दलहरु, नागरीक समाज, पत्रकार, वुद्दिजिवीहरु तथा विकास साझेदारहरुबाट प्राप्त सुझावहरु, गाउँपालिकाको आर्थिक, सामाजिक, राजनीतिक, शैक्षिक तथा साँस्कृतिक अवस्था लगायत निम्न आधारहरु लिईएको छ :

क) गरीबी निवारणमा प्रत्यक्ष योगदान पुर्याउने,

ख) उत्पादनमुलक र छिटो प्रतिफल दिने,

ग) आन्तरिक आय, राजश्व परिचालन र वृद्धिमा योगदान पुर्याउने,

घ) सेवा प्रवाह संस्थागत विकास र सुशासनमा योगदान पुर्याउने,

ङ) स्थानीय स्रोत साधनमा आधारित भई जनसहभागिता अभिवृद्धि गर्ने,

च) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणमा टेवा पुर्याउने,

छ) दिगो विकास, वातावरण र विपद व्यवस्थापनमा योगदान पुर्याउने,

ज) जलवायू परिवर्तन अनुकूलन क्षमताको विकास गर्ने,

झ) ठाटीकाँध गाउँपालिकाको पर्यटकीय श्रेत्रको विकास गर्ने,

ञ) पोषण तथा खाद्य सुरक्षामा सहयोग पुर्याउने,

ट) स्वास्थ्य सेवालाई प्रभावकारी एवम् विस्तारित वनाउने,

ठ) शिक्षालाई प्राविधिक एवम् व्यवहारिक, प्रविधिमैत्री र गुणस्तरीय बनाउने,

**सभाध्यक्ष महोदय,**

अव म चालु आर्थिक वर्ष ०८२।०८३ को हालसम्मको बजेट तथा कार्यक्रमको संक्षिप्त समीक्षा तथा हालसम्मका प्रमुख उपलव्धिहरुको संक्षिप्त विवरण प्रस्तु गर्ने अनुमति चाहन्छु ।

१. ठाटीकाँध गाउँपालिकाको चालु आ.व. मा विषयगत निकाय बाहेक विनियोजन गरिएको कुल अनुमानित वजेट रु४३ करोड ६६ लाख ९९ हजार २५ रुपयाँ २२ पैसा मध्ये हाल रु ३६ करोड ९६ लाख ६१ हजार १३ रुपैंया ७८ पैसा कुल आम्दानी भएको छ ।

२. उल्लेखित रकम मध्ये हालसम्म यस गाउँपालिकाको खातामा चालु तर्फ रु १७ करोड ८८ लाख ३८ हजार ९ सय ८० रुपयाँ र पुँजीगत तर्फ ७ करोड ९७ लाख ९७ हजार ६ सय ७१ रुपयाँ खर्च भएको छ।

३. हालसम्म यस गाउँपालिकाको चालु तर्फ ६५.११ प्रतिशत र पुँजीगत तर्फ ४९.२४ प्रतिशत खर्च भएको छ ।

४. चालु आर्थिक वर्षमा आन्तरिक आम्दानी रु १ करोड संकलन हुने प्रक्षेपण गरिएकोमा हालसम्म रु २४ लाख ६२ हजार ४ सय १९ रुपैंया संकलन गरिएको छ ।

५. चालु खर्च तर्फको रकम गाउँपालिकाका कर्मचारी, पदाधिकारी, शिक्षक, स्वास्थ्यकर्मी लगायत अन्य कार्यालय सञ्चालन सम्वन्धी शीर्षकमा खर्च भएको छ भने पूँजीगत खर्च तर्फको रकम पालिकास्तरीय र वडास्तरीय योजना तथा कार्यक्रम र विषयगत शाखाका कार्यक्रम तथा योजनाहरु तर्फ खर्च भएको छ।

६. चालु आर्थिक बर्ष २०८२।०८३ मा हालसम्म प्राप्त प्रमुख उपलव्धीहरु देहाय अनुसार रहेका छन् :

६.१. ठाटीकाँध बजर क्षेत्र भित्र करिव १ किलोमिटर सडक पिच गर्ने कार्य सम्पन्न भएको छ ।

६.२. मानाकोट ठाटीकाँध विजारे धनकोट काँध सडक,डल्कने ढुंगा फुलेचौर स्याउलेकाँध सडक,वाघवन माझा गैरागाउँहुदै माझाचौर सडकको ठेक्का सम्झौता गरी कार्यन्वयनको चरणमा रहेको छ।

६.३. इल्चि तल्लो भेरीपातल ज्यामिचौर धामिगाउँ पिपलचौतारा डाग्रा खानेपानी निर्माण सम्पन्न भएको छ सो आयोजना बाट २४७ वटा धारा निर्माण गरी स्वच्छ खानेपानी आपुर्ति गरिएको छ।

६.४. वडा नं ४ मा गैरागाउँ सिचाई कुलोको निर्माण चरणमा रहेको छ साथै जलवायु परिवर्तन स्थानीय अनुकुलन परियोजनाको लागत साझेदारीमा संचालित ४ वटा खानेपानी योजना कार्यान्वयनको चरणमा रहेका छन् जस बाट १४८ घरधुरीमा खानेपानी धारा र ३६ वटा सिचाई धारा निर्माण भईरेहका छन्।

६.५. ठाटीकाँध गाउँपालिकाको १५ शैया अस्पतालको भवन निर्माण कार्य पलास्टर र पार्टिसनको काम भईरहेको छ जसको भौतिक प्रगति करिव ७५ प्रतिशत रहेको छ ।

६.६. आगलागि नियन्त्रण सम्बन्धी प्रयोगात्मक तथा कृत्रिम घटना अभ्यास कार्यक्रम सञ्चालन गरिएको।

६.७. ठाटीकाँध गाउँपालिकाको आयोजना एभरेष्ट क्लव दैलेख र MCDS संस्थाको सहयोगमा पोषण मेला प्रदशनि गरिएको।

६.८. ठाटीकाँध गाउँपालिका वडा नं २ को भवन निर्माण सम्पन्न गरी वडा कार्यालय सञ्चालनमा ल्याईएको छ।

६.९. विभिन्न विकास साझेदारहरुसँग लागत साझेदारीका लागि प्रयास गरी गैरसरकारी संस्थाहरुलाई गाउँपालिकामा कार्यक्रम सञ्चालन गर्नका लागि उत्प्रेरित गरिएको छ ।

**सभाध्यक्ष महोदय,**

अव म चालु आर्थिक वर्षमा हालसम्म प्राप्त क्षेत्रगत उपलव्धिहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## ७. आर्थिक विकास क्षेत्र तर्फः

### ७.१. कृषि विकास तर्फ

७.१.१. ठाटीकाँध गाउँपालिकाका ६ वटै वडामा च्याउ खेती विस्तार तथा च्याउको बिउ वितरण कार्यक्रम गर्दा ठाटीकाँध गाउँपालिकाका ६ वटै वडाका ४०० घरधुरी लाभान्वित भएका छन्।

७.१.२. कृषक समूहको माग र आवश्यकताको आधारमा कृषि, पशुपंक्षी तथा जडिवुटी वीमा सम्बन्धी स्थलगत घुम्ती तालिम सञ्चालन गरिएको छ।

७.१.३. ठाटीकाँध गाउँपालिका भित्रका ६ वटै वडामा सुन्तलाजात बाली पकेट विकास कार्यक्रम निरन्तरता अन्तर्गत १ वटा कृषक समुह र २ वटा कृषि फर्महरु संग सम्झौता गरी कार्यक्रम कार्यान्वयन अवस्थामा रहेको छ।

७.१.४. किशानलाई प्रविधि हस्तान्त्रण कार्यक्रम अन्तर्गत कृषि औजार तथा सामाग्रि खरिद गरी वितरण गरिएको।

७.१.५. एकिकृत शत्रुजीव व्यवस्थापन सम्बन्धी जैविक विषादी, पोषण तत्व फेरोमन र प्रङ्गारिक मल वितरण गरिएको।

### ७.२. पशुपंक्षी विकास तर्फ

७.२.१. पशुपंक्षीमा देखिने विभिन्न प्रकारका रोगको उपचारका लागि नियमित रुपमा औषधि खरिद गरी वितरण तथा उपचार गरिएको छ । जसबाट प्रत्यक्ष अप्रत्यक्षरुपमा १९२२ सेवाग्राहिहरु लाभान्वित भएका छन्।

७.२.२. ठाटीकाँध गाउँपालिकाको ६ वटै वडाहरुमा पशुपालन तथा पशु व्यवस्थापन सम्बन्धी तालिम सञ्चालन गरिएको छ।

७.२.३. भेडा बाख्रामा महामारीको रुपमा फैलिने पि.पि.आर. रोग उन्मुलन अभियान अन्तरगत यस ठाटीकाँध गाउँपालिका पशुपंक्षी विकास शाखाको प्राविधिक सहयोगमा १५७५ घरधुरीका करिव १७५०० भेडा बाख्रामा पि.पि.आर. रोग विरुद्धको खोप सञ्चालन गरीयो ।

७.२.४. सम्पूर्ण वडा कार्यालयहरुमा खोरेत रोगको खोप कार्य सञ्चालन गरिएको छ।

### ७.३. उद्यम विकास तर्फ

७.३.१. सामाजिक परिचालनको क्षेत्र अन्तर्गत उद्योम विकास शाखाको आयोजनामा संचालित गरीबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमको कार्यक्रम कार्यान्वयन चरणहरुका वारेमा

सरोकारवाला निकायहरुलाई जानकारी, शाखाद्धारा प्रदान हुने सेवा प्रवाहका वारेमा अभिमुखीकरण कार्यक्रम सम्पन्न हुनुका साथै, वस्ति स्तरमा सहभागितात्मक ग्रामीण लेखाजोखा,घरधुरी सर्वेक्षण,श्रोत सर्वेक्षण लगायतका कार्य मार्फत सम्भाब्य नयाँ लघु उद्यमी सिर्जनाका लागि लक्षित वर्ग छनौट कार्य सम्पन्न गर्नुका साथै छनौट भएका संम्भाब्य ३६ जना उद्यमीहरुका विचमा उद्यमशिलता विकास तालिम व्यवसाय सचेतना,शुरु,लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यक्रम सम्पन्न भएको छ ।

७.३.२. ३४ जना नयाँ लघु उद्यमीहरुका बिचमा प्राविधिक सीप विकास तालिम तथा तालिम प्राप्त उद्यमीहरुलाई व्यवसाय सञ्चालनका लागि प्रविधि सहयोग कार्य सम्पन्न हुनुका साथै सवै वडाका उद्योग र वाणिज्य तर्फका व्यवसायको दर्ता, नविकरण, नामसारी, ठाउँसारी, पूँजी वृद्धि, व्यवसाय खारेजी लगायतका कार्य नियमित हुनुका साथै लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सूचना ब्यवस्थापन प्रणालीमा उद्यमीहरुको डाटा प्रविष्ट गर्ने कार्य सम्पन्न हुनुका साथै व्यवसाय सुधार तथा विस्तार गर्न चाहाने ३६ जना पुराना उद्यमीहरुलाई एडभान्स तालिम प्रदान गर्नुका साथै ३६ जना रुग्ण उद्यमीहरुको व्यवसायिक समस्या पहिचान गरी व्यावसायको प्रकृति अनुसारको उपयुक्त प्रविधि प्रदान गरी व्यवसायिक योजना निर्माण र परामर्श प्रदान गर्ने कार्य सम्पन भएको छ ।

७.३.३. वस्तु र सेवा वजारीकरण तथा सामुहिक रुपमा व्यवसाय सञ्चालन गर्ने कार्यक्रम अन्तर्गत निशुल्क जग्गा ब्यवस्थापन कार्य सहजिकरण गरी श्री धनकोट अल्लो प्रशोधन लघु उद्यमी समहको व्यवसायलाई दिगो, ब्यवस्थित र सामुहिक रुपमा व्यवसाय सञ्चालन गरी सेवा प्रवाह मार्फत आयआर्जन गर्ने हेतुका साथ समूहको साझेदारी लगानीमा साझा सुविधा केन्द्र भवन निर्माण कार्य सम्पन्न भई सञ्चालनमा आउनुका साथै उद्योग तथा उपभोक्ता हित सरक्षण कार्यालय दैलेख सँगको साझेदारीममा १४ जना सहभागिहरुका बिच १ महिने अल्लो प्रशोधन सीप विकास तालिम तथा आवश्यक मेशिन प्रविधि हस्तान्तरण कार्य सम्पन्न भएको छ।

७.३.४. १२ जना लघु उद्यमीहरुलाई उनीहरुले सञ्चालन गरेको व्यवसाय लाई विस्तार गर्नका लागि स्थानीय स्तरमा रहेका वित्तीय संस्थाहरुसंग समन्वय गरी आवश्यकता अनुसार कर्जा प्रवाह गर्नुका साथै १० जना उद्यमिलाई वस्तु वजारीकरणका लागि लेवलिंग तथा प्याकेजिंगमा सहयोग गर्नुका साथै ४ जना उद्यमीहरु लाई उनीहरुले उत्पादन गरेको वस्तुका साथ औधोगिक प्रर्दशनी मेलामा सहभागि गराउने कार्य सम्पन्न भएको छ।

७.३.५. ठाटीकाँध गाउँपालिकाको बजार अनुगमन निर्देशिक,२०७७ बमोजिम यस पालिकाका क्षेत्र भित्र रहेका उपभोक्ताको स्वास्थ्य,सुविधा र आर्थिक हित कायम राख्न,उपभोग्य वस्तु तथा सेवाको गुणस्तर,परिमाण एवं मूल्यको अनियमितताबाट उपभोक्तालाई संरक्षण प्रदान गर्न, बस्तु वा सेवाको उत्पादन, भण्डारण र संचय स्थल, वस्तु वा सेवा प्रदायक वा बिक्रेताको व्यवसायिक कारोवारको दर्ता, नवीकरण, आपूर्ति, मूल्य, गुणस्तर, नापतौल, मूल्य सूची, विज्ञापन लगायतका ब्यापारिक क्रियाकलापको नियमन गर्नका लागि जिल्ला प्रशासन, उद्योग तथा

उपभोक्ता हित संरक्षण कार्यालय,प्रदेश लेखा इकाई कार्यालय दैलेख लगायत विभिन्न सरोकारवाला निकायहरुको समन्वयमा २ पटक स्थानीय वजार अनुगमन तथा व्यवसायिक परामर्श कार्यक्रम सम्पन्न भएको छ।

## ८. सामाजिक विकास क्षेत्र तर्फ :

### ८.१. आधारभूत स्वास्थ्य तथा सरसफाई सेवा तर्फ

८.१.१. चालु आ.व. को पहिलो चौमासिकमा ६ वटै वडाका ८ वटै स्वास्थ्य संस्थाहरूमा स्थलगत घुम्ती शिविर सञ्चालन गरिएको र सो सेवा मार्फत कुल ३६३ जना गर्भवती आमाहरूले निशुल्क भिडियो एक्स- रे सेवा लिएका छन । जस मध्ये नयाँ गर्भवतीहरू ८७ जना र २७६ जना पुराना गर्भवतीले फलोअप जाँच गराएका छन्।

८.१.२. गत आ.ब. २०८१/०८२ को बार्षिक प्रगति समिक्षा तथा कार्ययोजना तर्जुमा गोष्ठी कार्यक्रम सम्पन्न गरिएको छ ।

८.१.३. महिला सामुदायिक स्वास्थ्य स्वयम सेविकाहरू परिचालन गरी पहिलो चरणको कार्तिक २० र २१ गते र दोस्रो चरणको वैशाख ६ र ७ गते ६ महिना देखि ५९ महिना सम्मका सम्पूर्ण बालबालिकाहरूलाई पहिलो चरणको राष्ट्रिय भिटामिन ए तथा जुकाको औषधी खुवाईएको छ । जसबाट शतप्रतिशत प्रगति हासिल गरिएको छ ।

८.१.४. आधारभूत स्वास्थ्य सेवाका लागि स्वास्थ्य संस्थाहरूबाट निःशुल्क वितरण हुने गरी औषधी खरिद गरी वितरण गरिएको छ ।

८.१.५. सवै स्वास्थ्य संस्थाहरूमा कार्यरत स्वास्थ्यकर्मिहरूलाइ विभिन्न सिपमुलक अनसाइट कोचिङ्ग तालिम प्रदान गरिएको छ ।

८.१.६. यस बर्षको दोस्रो चौमासिकमा नियमित कक्षा ६ मा अध्यानरत र विद्यालय बाहिरका १० वर्ष उमेरका किशोरीहरुलाई विद्यालय केन्द्रित एच. पि. भि. रोग विरूद्दको खोप अभियान सञ्चालन गरी शतप्रतिशत प्रगति हासिल गरिएको छ ।

८.१.७. सबै स्वास्थ्य संस्थाहरू मार्फत निशुल्क सुत्केरी सेवा र निःशुल्क सुत्केरी पश्चातको जाँच घरभेट समेत नियमित सेवा प्रदान भईरहेको छ ।

८.१.८. सवै स्वास्थ्य संस्थाहरुमा जिन्सि व्यवस्थापनका लागि PAMS-V2 र तथ्याङ्क व्यवस्थापनका लागि एच. एम.आई.एस अनलाईन प्रणाली लागु गरी स्वास्थ्य सूचना प्रणालीलाई थप प्रभावकारी र प्रविधिमैत्री बनाईएको छ ।

८.१.९. यस पालिकाका करिब ११३० जना पाँच वर्ष मुनिका बालबालिकाहरुको पोषण अवस्था लेखाजोखा गरी पहिचान भएका १३ जना कडा कुपोषित र ८० जना मध्यम कुपोषित बालवालिकाहरुको उपचार गरी व्यवस्थापन गरिएको छ । साथै ३०२ जना गर्भवती र सुत्केरी आमाहरुको पोषण अवस्था लेखाजोखा गर्दा पहिचान भएका १०२ जना कुपोषित आमाहरुलाई पालिकाको बहुक्षेत्रिय पोषण कार्यक्रम मार्फत विभिन्न पोषण प्याकेज वितरण गरिएको छ ।

८.१.१०. करिब ३१० जनाको निशुल्क AI प्रविधि बाट क्षयरोगको परीक्षण तथा कुष्ठरोगको पहिचान शिविर सञ्चालन गरी पहिचान भएका ३ जना थप नयाँ क्षयरोगी र २ जना थप नयाँ कुष्ठरोगीलाई उपचारको दायरामा ल्याईएको छ ।

८.१.११. MCDS संस्था सँगको समन्वयमा यस पालिकाका करिब ६४० जना नागरीकहरुको निःशुल्क बिशेषज्ञ स्वास्थ्य शिबिर मार्फत स्वास्थ्य जाँच तथा उपचार गरिएको छ ।

८.१.१२. गोर्खा वेलफेयर ट्रष्टको सहयोगमा सवै वडाहरुमा निःशुल्क घुम्ती शिविर मार्फत कान तथा विभिन्न अपाङ्गता भई सहायता आवश्यक भएका कुल २०९ जनाको परीक्षण गर्दा कानको शल्यक्रिया आवश्यक भएका २४ जना र विभिन्न सहायक सामाग्री तथा कृत्रिम अङ्ग प्रत्यारोपण सहितको पुनःस्थापन सेवा आवश्यक भएका २९ जना गरी कुल ५३ जनालाई जिल्ला अस्पताल दैलेखमा सञ्चालन भएको विशेष शिविरमा प्रेषण गरी आवश्यक पुनर्स्थापना सेवा प्रदान गराईएको छ ।

## ८.२. आयुर्वेद सेवा तर्फ

८.२.१. ठाटीकाँध गाउँपालिका भित्रका सवै वडाका सेवाग्राहीहरुलाई ग्याष्ट्रिक,ज्वरो,रुघाखोकी,उच्च रक्तचाप,पखाला,पाइल्स,कब्जियत,दम,मधुमेह,कुपोषण,वाथरोग,महिनावारी गडवडी जस्ता दीर्घकालीन रोगहरुको लागि आयुर्वेदिक औषधी खरिद गरी निशुल्क औषधी वितरण गरिएको छ।

८.२.२. ठाटीकाँध गाउँपालिकामा पूर्व कर्म तथा पञ्चकर्म सम्बन्धी निःशुल्क सेवा नियमित रुपमा सञ्चालन गरिएको छ ।

८.२.३. स्तनपाई आमालाई दुध वर्द्धक औषधीहरु निःशुल्क वितरण गरिएको छ ।

८.२.४. वृद्ध,वृद्धाहरुलाई रोग प्रतिरक्षा प्रणाली बढाउनको लागि निशुल्क औषधी वितरण गरिएको छ ।

## ८.३. सामाजिक सुरक्षा तथा पञ्जीकरण तर्फ

८.३.१. सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत पहिलो, दोस्रो र तेस्रो त्रैमासिकमा रु ५ करोड ९४ लाख ४६ हजार ३ सय ९६ रुपैंया वितरण गरिएको छ ।

८.३.२. सामाजिक सुरक्षा भत्ता रकम ३,४ र ५ नं. वडाहरुमा अपांग र ज्येष्ठ नागरिक भत्ता रकम घुम्ती सेवा मार्फत वितरण गरिएको छ ।

८.३.३. EFT (विद्युतीय माध्यम) प्रणाली मार्फत सामाजिक सुरक्षा भत्ता रकम लाभग्राहीको खातामा भुक्तानी गरी निरन्तर रुपमा वितरण गरिएको छ।

८.३.४. व्यक्तिगत घटना दर्ता सप्ताह कार्यक्रम सम्पन्न भएको छ।

८.४. चालु आ.वको हालसम्म ६३५ जन्म,१२४ जना मृत्युदर्ता, सम्बन्ध विच्छेद ५ वटा,विवाह दर्ता १८१ जनाको,२०४ जना बसाईसरी आएका र २३ जना बसाईसरी गएका छन्।

## ८.५. बहुक्षेत्रीय पोषण कार्यक्रम तर्फ

८.५.१. गाउँपालिका स्तरिय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको वैठक सम्पन्न गरिएको छ ।

८.५.२. वडा स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको बैठक वडा नं १ देखि ६ सम्म सञ्चालन गरिएकोछ ।

८.५.३. पालिका भित्रको बहुक्षेत्रीय पोषण कार्यक्रमको वार्षिक समिक्षा कार्यक्रम सम्पन्न गरिएको छ ।

८.५.४. सवै वडामा सुनौला हजार दिनका आमाहरुलाई सरसफाई सम्बन्धी अभिमुखिकरण कक्षा सञ्चालन संगै डस्टपेन र डस्विन वितरण गरिएको सो कार्यक्रमवाट ६०३ जना आमाहरु लाभान्वित भएका छन्।

## ८.६. शिक्षा युवा तथा खेलकुद तर्फ

८.६.१. कक्षा १-३ , कक्षा ४-५ को पाठ्यक्रम र कक्षा १-३ को निरन्तर मूल्याङ्कन पुस्तिका तयार गरी लागु गरिएको छ।

८.६.२. विद्यालयमा शैक्षिक गुणस्तर सुदृढिकरण एवम् कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान अन्तर्गत विद्यालयमा १ वटा आधारभुत विद्यालय छनोट भई आईसिटी र सूचना प्रविधि सहितको विज्ञान प्रयोगशाला स्थापना गर्ने कार्य विस्तार गरिएको छ ।

८.६.३. पालिका भित्रका सबै शैक्षिक संस्थाहरुको प्रत्यक्ष रुपमा सघन अनुगमन गरे पश्चात समितिले विद्यालय अनुगमन समितिको प्रतिवेदन -२०८२ र तथ्याङ्क विश्लेषण नामक प्रतिवेदन पालिका समक्ष पेश गरी सोही प्रतिवेदनको आधारमा विद्यालय समायोजन, तह मिलान र दरबन्दी मिलानको कार्य सम्पन्न गरिएको छ।

८.६.४. तह मिलान र समायोजन पश्चात विद्यालयको शैक्षिक र भौतिक अवस्था अध्ययन गर्न दोस्रो चरणको संयुक्त अनुगमन समिति निर्माण गरी विद्यालयको प्रत्यक्ष अवलोकन गरी प्रतिवेदन समेत तयार गरिएको छ ।

८.६.५. छात्रा दलित र गैर दलित गरी २२५३ र दलित छात्र ८१५ गरी जम्मा ३०६८ जना विद्यार्थीहरुलाई छात्रवृत्ति वितरण गरिएको छ।

८.६.६. शिक्षक मेन्टरिङ विद्यालय सुपरीवेक्षण, एकीकृत पाठ्यक्रम तालिम,एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली तालिम, कक्षा ८ को परीक्षा सञ्चालन व्यवस्थापन,आइटी स्रोत शिक्षकहरुका लागि ५ दिने क्षमता विकास तालिम सञ्चालन गरी प्रमाण पत्र समेत वितरण गरिएको छ ।

८.६.७. आधारभुत तालिम, शैक्षिक व्यवस्थापन सूचना प्रणाली जस्तो गौरवको प्रणालीमा सबै सूचना प्रविष्ट गरी शैक्षिक तथ्याङ्कलाई एकिकृत गर्न शिक्षकहरुलाई EMIS तथा अभिलेख व्यवस्थापन सम्बम्धी तालिम समेत सञ्चालन गरिएको छ।

८.६.८. विद्यार्थीको शैक्षिक गुणस्तरको लागि उपचारात्मक शिक्षा (Remedial Class) र नमूना प्रश्न सामाग्री मार्फत कक्षा सञ्चालन गर्न लगाई IEMIS मा तथ्याङ्क संकलन गर्ने र सुझाव दिने गरी

सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना (ReAL Plan) लागि विद्यार्थीको क्षमता विकासका कार्यहरु गरिएको छ ।

८.६.९. नेपाल सरकार मार्फत निकासा हुने शिक्षा तर्फका सम्पूर्ण वार्षिक कार्यक्रमहरु IEMIS मार्फत प्रविष्ट गरी शिक्षा तथा मानवस्रोत विकास केन्द्रको योजना तथा कार्यक्रम शाखामा पठाइएको छ । विद्यार्थीको शैक्षिक गुणस्तरको लागि उपचारात्मक शिक्षा (Remedial Class) र नमूना प्रश्न सामाग्री मार्फत कक्षा सञ्चालन गर्न लगाई IEMIS मा तथ्याङ्क संकलन गर्ने र सुझाव दिने गरी शैक्षिक क्षतीको परिपुरणका लागि विद्यार्थीको क्षमता विकासका कार्यहरु गरिएको छ।

८.६.१०. वार्षिक शैक्षिक क्यालेण्डर अनुसार नियमित प्रअ बैठक सञ्चालन गरी शिक्षा सम्वन्धी महत्त्वपूर्ण विषयमा छलफल र निर्णय गर्ने तथा शैक्षिक गतिविधि र नवप्रवर्तनबारे जानकारी दिई सोहि अनुसार नियमित कार्य गर्न लगाउने कार्य गरिएको छ ।

## ७.१. लैगिंक समानता तथा सामाजिक समावेशीकरण तर्फः

७.१.१. समतामय समुन्नत समाज निर्माणका लागि ठाटीकाँध गाउँपालिकाबाट संचालित सम्पूर्ण योजना तथा कार्यक्रमहरु लैगिंकमैत्री दृष्टिकोणबाट सञ्चालन भए नभएको लेखाजोखा गर्नको लागि लैगिंक उत्तरदायी बजेट विश्लेषणको परिपाटी सुरु भई कमजोर पक्ष सुधारको लागि कार्ययोजना समेत तयार गरिएको छ ।

७.१.२. विगतको लैगिंक समानता तथा सामाजिक समावेशीकरण परीक्षणलाई निरन्तरता दिदैं कार्ययोजनामा उल्लेखित क्रियाकलापहरु कार्यान्वयन गर्दै लगिएको छ ।

७.१.३. गर्भवती तथा प्रसूति महिलाहरुलाई निशूल्क एम्वुलेन्स सेवा उपलव्ध गराउने कार्य नियमित भईरहेको छ ।

७.१.४. ठाटीकाँध गाउँपालिकाका विभिन्न माध्यमिक विद्यालयहरुमा विद्यालय स्तरीय बाल क्लबहरु गठन गरिएको छ।

७.१.५. ठाटीकाँध गाउँपालिका स्तरिय बाल संजाल गठन गरिएको छ ।

७.१.६. अपाङ्गता भएका व्यक्तिहरूका लागि अपाङ्गता सम्बन्धी परिचय पत्र वितरण कार्यविधी बमोजिम २५ जना अपाङ्गगता व्यक्तिहरुको अपांगता परिचय पत्र प्राप्त प्रदान गरिएको छ ।

७.१.७. मानसिक स्वास्थ्य तथा स्वावलम्बन समूहहरुको परिचालन तथा व्यवस्थापन मार्फत विभिन्न मनोसामाजिक अपांगता भएका व्यक्तिहरुले राज्यद्धारा प्रदान गरीने सेवा सुविधामा सहभागी हुने गरेका छन।

७.१.८. कर्णाली प्रदेश सरकारको बैंक खाता छोरीको कार्यक्रम अन्तर्गत यस आ.व को हाल सम्म ६८ जना छोरीको खाता खोलिएको छ ।

७.१.९. वडा कार्यालयको सिफारिसका आधारमा ६ वटै वडाका १२ जना विपन्न तथा एकल महिलाहरु लाई आएआर्जन कार्यक्रम अन्तर्गत जनहि १/१ वटा वाखा वितरण गरिएको छ।

७.१.१०. ६ वटै वडाका २४ जना जेष्ठ नागरीक र १ जना अपांग भएका व्यक्ति लाई सम्मान गरिएको छ।

७.१.११. अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरिएको छ जस बाट १२६ जना आमाहरुले लाभ लिएका छन।

**९. पूर्वाधार विकास क्षेत्र तर्फ:**

९.१. संघीय सरकार र कर्णाली प्रदेश सरकारको समपुरक अनुदानबाट गाउँपालिकाको समेत साझेदारीमा मानाकोट ठाटीकाँध विजारे धनकोट काँध सडक स्तरोन्नति, डल्कने ढुंगा फुलेचौर स्याउलेकाँध सडक स्तरोन्नती र वाँघवन माझा गैरागाउँ सडक स्तरोन्नती योजनाको ठेक्का सम्झौता गरी कार्य सम्पन्नको चरणमा रहेको छ ।

९.२. कर्णाली प्रदेश सरकारको विशेष अनुदानबाट मदानताल पुनर्भरण आयोजनाको निर्माण कार्य र सरस्वती आ वि वुढा आग्रको फिल्ड निर्माण कार्य सम्पन्न भएको छ ।

९.३. गाउँपालिका क्षेत्रमा रहेका करीब १३० कि मी भन्दा बढी पालिका स्तरीय र वडा स्तरीय सडकहरु मर्मत सुधार र स्तरोन्नतिका कार्य गरी यातायातलाई सहज बनाईएको छ ।

९.४. ठाटीकाँध गाउँपालिकाको वडा केन्द्र सम्म र केहि वस्तीहरुमा विद्यूतीकरण कार्य सम्पन्न हुने चरणमा रहेको छ ।

९.५. गाउँपालिका क्षेत्रमा करिब ३ कि मी नयाँ वाटोको ट्र्याक खोलिएको साथै १२ कि मी सडक स्तरोन्नती गरिएको छ।

९.६. गाउँपालिका क्षेत्रमा ५ वटा आयोजनाबाट करिव १० हेक्टर जमिनमा सिचिई सुविधा पुगेको छ।

१०.**<u>वन, वातावरण तथा विपद व्यवस्थापन क्षेत्र तर्फ:</u>**

१०.१. विपद् ब्यवस्थापन सम्वन्धी नीति ऐन नियम र कार्यविधि निर्माण गरिनुका साथै जोखिम सम्वेदनशील भू उपयोग योजना निर्माण भै लागु गरिएको छ ।

१०.२. विपदमा परेका घरपरिवारहरुका लागि त्रिपाल खरीद गरी भण्डारण गरिएको छ ।

१०.३. यसपालिका भित्रका विभिन्न खाले प्रकोपका घटनाहरुबाट पिडीत ३७५ जनालाई त्रिपाल वितरण गरिएको छ ।

१०.४. विभिन्न खाले प्रकोप पीडित ७५ जनालाई राहात मापदण्ड अनुसार रु ४ लाख राहत रकम पिडितहरुको वैंक खाता मार्फत वितरण गरिएको छ ।

१०.५. विभिन्न समुदायका सामुदायिक वन उपभोक्ता समितिहरुलाइ पालिकामा दर्ता प्रक्रियामा ल्याउन परामर्श गरिएको छ।

१०.६. विपद् पोर्टल निर्माण गरी प्रयोगमा ल्याउनुको साथै विपद जोखीम न्यूनीकरण रणनैतिक योजना निर्माण गरी कार्यान्वयनको चरणमा रहेको छ।

१०.७. विपद जोखिम पूर्व तयारी तथा प्रतिकार्य योजना अध्यावधिक गरिएको छ।

१०.८. विपद सम्वन्धी खोज तथा उद्धार र राहतका सामानहरु भण्डारण गरी राखिएको छ।

१०.९. विपद पूर्व तयारी तथा प्रतिकार्य योजना सम्बन्धी विपद व्यवस्थापन समिति र वडा सचिव ज्यू हरु लाई २ दिने अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिएको छ।

१०.१०. MCDS संस्थाको सहयोगमा स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्य ढाँचा २०८३ निर्माण गरिएको छ।

**११. <u>सुशासन तथा संस्थागत विकास क्षेत्र तर्फ :</u>**

११.१. यस गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय, वडा कार्यालय तथा गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुमा जम्मा स्वीकृत स्थायी दरवन्दी ६४ रहेकोमा ४९ वटा स्थायी मा पदपूर्ति भएको छ भने १५ स्थायी दरबन्दी हालसम्म रिक्त रहेका छन् । पदपूर्ति भएका मध्ये हाल सम्म १ वटा स्थायी पदमा करार कर्मचारी कार्यरत रहेका छन् भने गाउँपालिका कार्यालय तथा मातहतका कार्यालयमा स्थायी,करार गरी १२१ जना कर्मचारी कार्यरत रहेका छन् ।

११.२. नेपालको संविधान र प्रचलित कानूनमा भएका व्यवस्थाहरुको प्रभावकारी कार्यान्वयन मार्फत नागरीकको नजिकको सरकारको रुपमा सेवा प्रवाहलाई प्रभावकारी बनाउन ११ वटा ऐन ३ वटा निर्देशिका, २४ वटा कार्यविधि,३ वटा नीति, २ वटा मापदण्ड र १ योजना गरी हालसम्म जम्मा ४३ वटा कानूनहरु निर्माण भई कार्यान्वयनमा रहेका छन् ।

११.३. चालु आर्थिक वर्षको हालसम्म गाउँकार्यपालिकाको वैठक संख्या १७ वटा, गाउँ शिक्षा समितिको वैठक संख्या २ वटा ,श्रोत अनुमान तथा वजेत सीमा निर्धारण समितिको वैठक संख्या ३, न्यायिक समितिको वैठक संख्या १२ पटक, राजस्व परामर्श समितिको वैठक संख्या ३ , वजेट तथा कार्यक्रम तर्जुमा समितिको वैठक संख्या १, कार्यपालिका अन्तरगतका विभिन्न विषयगत समितिहरु आर्थिक विकास समितिको वैठक संख्या २, सामाजिक विकास समितिको वैठक संख्या २, पूर्वाधार विकास समितिको वैठक संख्या २, वन वातावरण तथा विपद् व्यवस्थापन समितिको वैठक संख्या २,सुशासन तथा संस्थागत विकास समितिको वैठक संख्या २, गाउँसभा अन्तरगतका विधायन समितिको वैठक संख्या २, सुशासन समितिको वैठक संख्या २, लेखा समितिको वैठक संख्या २, तथा अन्य विभिन्न समन्वय वैठकहरु लगायत २ वटा गाँउरसभा सम्पन्न गरिएको छ ।

११.४. चालु आ.व मा यस पालिकाको न्यायिक समितिमा दर्ता भएका ६ वटा उजुरिहरु मध्ये ५ वटा मेलमिलापमा आईसकेका बाँकी १ वटा अदालतमा मुद्धा दर्ता भएको।

११.५. आर्थिक वर्षको पहिलो चौमासिकमा सम्पत्ति कर बुझाउने करदातालाइ १० प्रतिशत छुट अपाङ्गलाई ५० प्रतिशत एकल महिलालाई ५० प्रतिशत अन्य महिलालाई २५ प्रतिशत दिइ कर संकलन गर्ने गरिएको छ।

११.६. गाउँपालिका स्तरमा सार्वजनिक सम्पत्तिको व्यवस्थित लेखाङ्कन र प्रतिवेदन गर्न चालु आर्थिक वर्षमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS v2) को पूर्णरुपमा लागु गरिएको छ।

११.७. ठाटीकाँध गाउँपालिकाले गत आर्थिक वर्षको असारमा चालु आर्थिक वर्षमा लिइएको नीतिमा आर्थिक प्रशासनतर्फ खर्च लेखाङकन तथा प्रतिवेदन प्रणालीलाई व्यवस्थित गर्नका लागि नेपाल सरकार, अर्थ मन्त्रालय, महालेखा नियन्त्रक कार्यालयद्धारा निर्मित स्थानीय तहको संचित कोष

व्यवस्थापन प्रणाली SUTRA को पूर्णरुपमा कार्यान्वयन गरी EFT System पूर्ण रुपमा लागु गरिएको छ ।

११.८. आ व २०८१।०८२ मा महालेखाको डोर समक्ष रु ८८ करोड ३५ हजारको सम्परिक्षणको लागि पेश गरेकोमा रु १ करोड ३७ लाख ५७ हजार ९ सय ९ रुपैंया रकमको वेरुजु कायम भएको छ ।

११.९. स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन (Lgpas) मा ५३.७० अंक प्राप्त भएको छ।

११.१०. ठाटीकाँध गाउँपालिकाको समग्र आर्थिक,सामाजिक र सुशासन तथा संस्थागत विकासका लागि जलवायु परिवर्तन स्थानीय अनुकलन(लक) परियोजना सञ्चालनका लागि आवश्यक जनशक्ति छनौट गरी परियोजना सञ्चालनमा आएको छ।

**१२. <u>जलवायु परिवर्तन स्थानीय अनुकलन(लक) परियोजना :</u>**

१२.१. गाउँपालिका स्तरिय ३ दिने जलबायु मैत्री अगुवा कृषकहरुका लागि तालिम सञ्चालन गरिएको।

१२.२. वडा नं ५ मा रहेको भगवती ताजा तरकारी कृषि समुहमा २ दिने जलबायु मैत्री घरवारी व्यवस्थापन तालिम सञ्चालन गरिएको।

१२.३. गाउँपालिकामा संचालित आयोजनाहरुको सर्भे डिटेल स्टिमेट गरिएको र सो योजनामा आवद्ध उपभोक्ता समितिलाई ३ दिने खरिद व्यवस्थापन सम्बन्धी तालिम सञ्चालन गरिएको।

१२.४. महिनावारी स्वच्छता दिवश, वातावरण दिवश जस्ता दिवशिय कार्यक्रम सञ्चालन गरिएको।

**सभाध्यक्ष महोदय,**

अव म चालु आर्थिक वर्षको वजेट तथा कार्यक्रम कार्यान्वयनको क्रममा सामना गर्नु परेका कठिनाईहरु देहाय अनुसार प्रस्तुत गर्न अनुमति चाहन्छु ।

क) भौतिक पूर्वाधारका योजना निर्माण गर्दा उपभोक्ता समितिसँग ढिलो सम्झौता हुनु र कार्यक्रम सम्पन्न गरी आ.व.को अन्तिम समयमा मात्र भुक्तानीका पेश गर्नु ।

ख) विकास निर्माणमा जनसहभागिता अभिबृद्धि गर्न कठिनाई उत्पन्न हुनु ।

ग) संघ र प्रदेशबाट प्राप्त बजेट कार्यक्रमहरुमा विनियोजित बजेट अप्रयाप्त हुदाँ गाउँपालिकालाई थप भार परेको ।

घ) वाल विकास कर्मचारी, विद्यालय कर्मचारी तथा शैक्षिक गुणस्तर शीर्षकबाट नियुक्त गरिएका शिक्षकहरु लगायतको तलब भत्ता वित्तीय समानीकरण अनुदानबाट खर्च गर्न नमिल्ने र गाउँपालिकाको आन्तरिक आम्दानी न्यून भएको कारण समस्या उत्पन्न भएको ।

ङ) पूर्व सम्भाव्यता र लागत लाभ विश्लेषण विना योजना छनौट गरी कार्यान्वयन गर्नाले अपेक्षित उपलब्धि हासिल हुन नसक्नु ।

च) टुक्रे योजना हुने भएकाले गुणस्तरीयता कायम गर्न र योजनाको सम्पूर्ण कार्य पुरा गर्न कठिन हुनु।

छ) समयमै खरिद सम्झौता नगर्नु, सम्झौता अनुसार काम नहुनु, समयमै अनुगमन मुल्यांकन नगरिनु, अनुगमनका क्रममा दिईएका सुझावहरु उपभोक्ता र निर्माण व्यावसायीले पालना नगर्नु आदि कारणबाट समयै योजना सम्पन्न गर्न ढिलाई हुनु ।

ज) दक्ष कामदारको अभाब हुनु ।

झ) विगत वर्षहरुमा गरिएका अधुरा कामहरुको जिम्मेवारी लिनुपर्ने अवस्था हुनु ।

ञ) गाउँपालिकाको प्रशासनिक कार्य सम्पादन गर्न आफ्नै भवन र वडा कार्यालय लगायतका भौतिक संरचना हालसम्म तयार नहुँनाले मितव्ययी र एकीकृत, सेवा प्रवाहमा कठिनाई हुनु ।

ट) सरकारी भवन लगायतका संरचना निर्माण गर्दा पहिले सम्बन्धित संस्थाको नाममा जग्गा प्राप्त गरेर मात्र बजेट विनियोजन गर्नु तथा योजना कार्यान्वयन गर्नुपर्नेमा जग्गा नै प्राप्त नगरी व्यक्तिगत जग्गामा भवन लगायतका सरंरचना निर्माण गर्ने कार्य भएबाट भुक्तानी प्रकृयामा कानूनी जटिलता उत्पन्न हुनु ।

ठ) संघ र प्रदेश सरकार संग साझेदारीका लागि आवश्यक रकमको अभाव हुनु।

ड) संघीय सरकार र प्रदेश सरकार वाट प्राप्त हुने राजस्व वाडफाँडको रकम समयमै नआउने र विनियोजित सम्पूर्ण रकम निकासा नहुने भएकोले गाउँपालिकाको कार्यसञ्चालनम कठिनाई भएको छ।

ढ) उपभोक्ता समिति तथा निर्माण व्यवसायी बाट भुक्तानीका लागि पेश हुने कागजातहरु अपुर्ण हुने भएकोले समयमै भुक्तानी दिन कठिनाई हुनु ।

**सभाध्यक्ष महोदय**

अब म अगामी आर्थिक वर्ष २०८३।०८४ को वजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्न चाहन्छु ।

**वजेटका उद्देश्य निम्नानुसार प्रस्तुत गरेको छु ।**

क) आर्थिक, सामाजिक, पूर्वाधार, वातावरण तथा विपद् व्यवस्थापन लगायतका क्षेत्रगत योजनाको निर्माण कार्यमा नागरीकहरुलाई प्रत्यक्ष रुपमा रोजगारी प्राप्त गर्ने गरी अन्तर सम्वन्धित गराई दिगो विकासको अवधारणा अनुसारका संरचनाहरु निर्माण गर्ने ,

ख) नागरिकहरुको मौलिक अधिकारको रुपमा रहेको स्वास्थ्य तथा शिक्षा क्षेत्रमा उल्लेख्य उपलव्धि हासिल गर्न संस्थागत विकास लगायत जनशक्ति विकास र क्षमता विकास हुने खालका कार्यक्रमहरु सञ्चालन गर्ने,

ग) व्यवसायिक कृषि खेती र पशुपालन गर्न कृषकहरुलाई प्रोत्साहन गर्न कृषकमैत्री कार्यक्रमहरुको निर्माण गरी आयात प्रतिस्थापन र निर्यात व्यवस्थापन कार्यमा जोड दिने,

घ) गाउँपालिका क्षेत्रमा रहेका धार्मिक एवं सांस्कृतिक पर्यटकीय क्षेत्रको विकास, प्रबर्द्धन र प्रचार प्रसार गरी आन्तरिक तथा वाह्य पर्यटनलाई प्रवर्द्धन गर्ने,

ङ) लक्षित वर्ग समुदायको आर्थिक, सामाजिक र सांस्कृतिक सशक्तिकरण गरी समावेशी एवं समन्यायिक विकासको माध्यमवाट रोजगारीको अवसर श्रृजना गर्ने,

च) नेपाल सरकार, कर्णाली प्रदेश सरकार तथा विभिन्न विकास साझेदारहरुसँगको साझेदारीमा गाउँपालिकाका ठूला पूर्वाधार विकासमा जोड दिने,

छ) सार्वजनिक श्रोतको प्रभावकारी परिचालन गरी प्राथमिकीकृत लगानी, आर्थिक अनुशासन, नविन प्रविधिको उपयोग र प्रशासनिक सुधार गरी सुरक्षा र सुशासन कायम गर्ने ।

**बजेट तथा कार्यक्रमका माथि उल्लेखित उद्देश्यहरु प्राप्त गर्नको लागि देहाय अनुसारका प्राथमिकताहरु प्रस्तुत गरेको छु ।**

क) दिगो विकासका अवधारणा अवलम्वन गर्दै प्रयोगकर्तामैत्री पूर्वाधार निर्माण,

ख) पूर्वाधार निर्माणका लागि अन्तर सरकार तथा विकास साझेदारहरुसँग साझेदारी प्रवर्द्धन,

ग) सामाजिक चेतना, नागरिक सशक्तिकरण, सामाजिक न्याय र समावेशीकरण,

घ) सुशासन प्रवर्द्धन र गुणस्तरीय र पहुँचयोग्य सार्वजनिक सेवा,

ङ) कृषिमा आधुनिकीकरण तथा यान्त्रिकरण मार्फत उत्पादन र उत्पादकत्वमा वृद्धि,

च) धार्मिक, साँस्कृतिक तथा पर्यापर्यटन प्रवर्द्धन र प्रचार प्रसार,

छ) प्रविधिमैत्री, सिपमूलक, आयमूलक तथा जिवनोपयोगी शिक्षा,

ज) वातावरण संरक्षण, जलवायु परिवर्तन तथा विपद, जोखिम व्यवस्थापन,

झ) स्वास्थ्य सेवामा नागरिकको पहुँच वृद्धिका लागि स्वास्थ्य पूर्वाधार, जनशक्ति विकास र संस्थागत सुदृढीकरण,र

ञ) आन्तरिक आयमा वृद्धि,

ट) उद्यमशिलता विकास र उत्पादनशिल रोजगारी

**सम्मानित सभाका सभाध्यक्ष महोदय,**

**सभाका सदस्य ज्यूहरु**

अव म आर्थिक वर्ष २०८३।०८४ को बजेट तथा कार्यक्रम र विनियोजन रकम प्रस्तुत गर्न अनुमति चाहन्छु ।

१३. ठाटीकाँध गाउँपालिकाको प्रशासनिक कार्यसञ्चालनको लागि गाउँकार्यपालिको कार्यालय तर्फ कर्मचारी तलब भत्ता, पदाधिकारी/जनप्रतिनिधि सुविधा मसलन्द तथा कार्यालय सञ्चालन, इन्धन, बैठक भत्ता, सभा सञ्चालन खर्च, सवारी साधन/मेशिनरी औजार मर्मत सम्भार, क्षमता विकास तालिम सञ्चालन, अतिथि सत्कार, सुचना तथा संचार, पत्रपत्रिका, सुचना प्रकाशन तथा विज्ञापन, विभिन्न पुस्तक छपाइ तथा प्रकाशन, अनुगमन तथा मुल्याङकन खर्च, सेवा परामर्श खर्च, फर्निचर तथा फिक्चर्स, मेसिनरी औजार, गाडी भाडा लगायतका अन्य चालु प्रकृतिका उल्लेखित कार्यक्रम सञ्चालनको लागि रू. ११ करोड ५० लाख ४२ हजार १ सय २५ रुपैंया विनियोजन गरेको छु ।

१४. ठाटीकाँध गाउँपालिका अन्तर्गतका विभिन्न बिषयगत शाखाको शाखा व्यवस्थापन तथा कार्यक्रम सञ्चालनका लागि रू. ५७ लाख ५० हजार विनियोजन गरेको छु । जस अन्तर्गत शाखाको विवरण तपसिल बमोजिम रहेको छ ।

**तपसिलः**

| क्र.सं. | शाखाको नाम | विनियोजित रकम |
|---|---|---|
| १ | नागरीक आरोग्य केन्द्र | २ लाख |
| २ | पशुपंक्षी विकास शाखा | ६ लाख |
| ३ | कृषि विकास शाखा | ५ लाख |
| ४ | आधारभुत स्वास्थ्य तथा सरसफाई शाखा | ३ लाख |
| ५ | शिक्षा, युवा तथा खेलकुद शाखा | ५ लाख |
| ६ | लैङगिक समानता तथा सामाजिक समावेशिकरण शाखा | २ लाख |
| ७ | विपद् व्यवस्थापन शाखा | २ लाख |
| ८ | राजश्व शाखा | १ लाख |
| ९ | पञ्जीकरण शाखा | २ लाख |
| १० | न्यायिक समिति तर्फ | ४ लाख |
| ११ | सहकारी विकास तथा प्रवर्द्धन | २ लाख |
| १२ | लघु उद्यम कार्यक्रम साझेदारी | ३ लाख |
| १३ | सूचना प्रविधि शाखा | १ लाख |
| १४ | प्राथमिक स्वास्थ्य केन्द्र सञ्चालन तथा व्यवस्थापन अनुदान | १५ लाख |
| १५ | सूचना तथा अभिलेख केन्द्र ब्यवस्थापन | २ लाख |
| १६ | भूमि प्रशासन शाखा | १ लाख |

१४.

१५. जनतासँग अध्यक्ष कार्यक्रम तर्फ रू.४० लाख र जनतासँग उपाध्यक्ष कार्यक्रम तर्फ रू.४० लाख विनियोजन गरेको छु ।

१६. ठाटीकाँध गाउँपालिकाको आकस्मिक विपद् व्यवस्थापन कोषको लागि रू.५ लाख र आकस्मिक मर्मत सम्भार कोषको लागि रू.५ लाख विनियोजन गरेको छु ।

१७. स्वास्थ्य क्षेत्र तर्फ स्वास्थ्य संस्थामा नि:शुल्क वितरण गरीने (मानसिक रोग समेत) औषधी खरिदका लागि संघीय सरकार बाट रु १० लाख ७४ हजार र गाउँपालिका बाट रु. ५ लाख गरी जम्मा रकम रु १५ लाख ७४ हजार विनियोजन गरेको छु ।

१८. ठाटीकाँध गाउँपालिकामा रहेको प्रहरी चौकी व्यवस्थापन खर्चको लागि रु १ लाख ५० हजार विनियोजन गेरको छु।

१९. युवा लक्षीत खेलकुद कार्यक्रम अन्तर्गत अध्यक्ष कप समेतको लागि रु ५ लाख विनियोजन गरेको छु।

२०. जोखिममा परेका वालवालिकाहरुका लागि सहयोग कार्यक्रमको लागि रु २ लाख विनियोजन गरेको छु।

२१. आकस्मिक स्वास्थ्य सहयोग कार्यक्रमको लाग रु २ लाख विनियोजन गरेको छु ।

२२. स्थानीय पाठ्यक्रम पाठ्यपुस्तक छपाईको लागि रु ३ लाख विनियोजन गरेको छु।

२३. ठाटीकाँध गाउँपालिका अन्तर्गतका विभिन्न सडकहरु वर्षातको समयमा विग्रिन जाने र सो का कारण यातायातमा अवरोध हुने अवस्थालाई मध्यनजर गरी पालिका स्तरीय सडकहरु मर्मतका लागि १० लाख विनियोजन गरिएको छ भने वडा तहका सडकहरु मर्मत संभारका लागि सम्बन्धित वडा कार्यालयहरुले नै आ आफ्नो आबश्यकताका आधारमा बजेट विनियोजन गर्ने गरी व्यवस्था मिलाईएको छ । जसबाट सडक मर्मत कार्य छिटो छरितो हुन गई सेवा प्रवाहमा सहजता आउने विश्वास लिईएको छ ।

२४. गाउँपालिकाको भौतिक संरचना निर्माण, पञ्चवर्षिय स्मारिका प्रकाशन तथा सामाजिक परिक्षणका लागि रु ४ लाख विनियोजन गरेको छु।

२५. वडा कार्यालय, स्वास्थ्य संस्था तथा माध्यमिक विद्यालयहरुमा E- हाजिरी जडान तथा सञ्चालनका लागि रु ६ लाख ७० हजार विनियोजन गरेको छु।

२६. वडा नं ३,४ र ५ मा घुम्ति शिविर सञ्चालन गरी हरेक त्रैमासिकमा सामाजिक सुरक्षा वित्तरण कार्यलाई निरन्तर दिदै सो को लागि रु २ लाख विनियोजन गरेको छु।

२७. सामाजिक सुरक्षा भत्ता नविकरण गर्नका लागि आवश्यक पर्ने वायोमेट्रिक डिभाईस (IRISH DEVICE) खरिद तथा जडानका लागि रु ३ लाख ७० हजार विनियोजन गरेको छु।

२८. सेवा परामर्श सञ्चालन खर्चका लागि रु २ लाख विनियोजन गरेको छु।

२९. कर्मचारी र जनप्रतिनिधिहरुका लागि क्षमता विकास कार्यक्रमको लागि रु २ लाख विनियोजन गरेको छु।

३०. सफ्टवयर तथा सूचना प्रविधि जन्य पूर्वाधार विकासका लागि रु ३ लाख विनियोजन गरेको छु।

३१. बजार क्षेत्रमाको फोहोरमैला व्यवस्थापन गर्नका लागि कामदार ज्याला र अन्य सामाग्रि खरिद तथा ढुवानीका लागि रु ७ लाख विनियोजन गरेको छु।

३२. गाउँपालिका स्तरिय सार्वजनिक सुनुवाई का लागि रु १ लाख ५० हजार, वार्षिक योजना किताव छपाई तथा अन्य छपाईका लागि रु १ लाख ५० हजार विनियोजन गरेको छु।

३३. पुराना योजना तथा अधुरा योजनाका लागि रु ६० लाख विनियोजन गरेको छु।

३४. वैदेशिक रोजगारी बाट फर्केका व्यक्तिहरुको उधमशिलता प्रवर्दनका लागि आर्थिक र प्राविधिक सहयोग कार्यक्रमका लागि रु १ लाख OCAMC सञ्चालनका लागि रु २ लाख विनियोजन गरेको छु।

३५. ठाटीकाँध गाउँपालिका वडा नं ६ मा सामुदायिक बहुउद्देशिय भवन निर्माण (वडा कार्यलय प्रयोजन) का लागि रु १० लाख विनियोजन गरेको छु।

३६. ठाटीकाँध खानेपानीका योजना सञ्चालनका लागि रु ३ लाख २८ हजार विनियोजन गरेको छु।

३७. ठाटीकाँध गाउँपालिकामा आगामी आर्थिक वर्ष २०८३।०८४ को लागि विभिन्न सरकारी तथा गैर सरकारी संस्थाको साझेदारीमा सञ्चालन हुने योजना तथा कार्यक्रम कार्यान्वयनका लागि तपसिल अनुसार रु.२ करोड ९४ लाख विनियोजन गरेको गरिएको छ ।

तपसिलः

| क.सं. | साझेदारीको विवरण | विनियोजित रकम |
|---|---|---|
| १ | संघ सरकार/प्रदेश सरकार समपुरक अनुदान साझेदारी | १ करोड ४९ लाख |
| २ | बहुक्षेत्रीय पोषण कार्यक्रम | ५ लाख |
| ३ | सडक वोर्ड नेपाल साझेदारी | ५ लाख |
| ४ | एभरेष्ट क्लव दैलख साझेदारी | ५ लाख |
| ५ | सोसेक नेपाल साझेदारी | ३० लाख |
| ६ | गाउँपालिका भवन निर्माणका लागि साझेदारी | ५० लाख |
| ७ | जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना साझेदारी | ५० लाख |

३८. ठाटीकाँध गाउँपालिका भित्रका ६ वटै वडामा वडास्तरीय योजना कार्यान्वयनका लागि पुँजीगत तर्फ रू. २ करोड७० लाख र कार्यालय व्यवस्थापन तथा प्रशासनिक खर्च तर्फ प्रति वडा ४ लाखको दरले रू. २४ लाख चालु खर्च गरी जम्मा रू. २ करोड ९४ लाख देहाय अनुसार विनियोजन गरेको छु।

तपसिलः

| क.सं. | वडा | विनियोजित रकम |
|---|---|---|
| १ | ठाटीकाँध गाउँपालिका वडा नं.१ | ४९ लाख |
| २ | ठाटीकाँध गाउँपालिका वडा नं.२ | ४९ लाख |
| ३ | ठाटीकाँध गाउँपालिका वडा नं.३ | ४९ लाख |
| ४ | ठाटीकाँध गाउँपालिका वडा नं.४ | ४९ लाख |
| ५ | ठाटीकाँध गाउँपालिका वडा नं. ५ | ४९ लाख |
| ६ | ठाटीकाँध गाउँपालिका वडा नं.६ | ४९ लाख |
| कुल जम्मा | | २ करोड ९४ लाख |

३९ कर्णाली प्रदेश सरकारबाट वित्तीय हस्तान्तरण भई आएका सशर्त अनुदान, विशेष अनुदान र समपुरक अनुदान तर्फ निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्राप्त रू.४ करोड ७३ लाख १२ हजार विनियोजन भई आएको हुँदा यस पालिकाको वजेटमा समावेश गरेको छु । जस मध्येका केही मुख्य मुख्य आयोजना तथा कार्यक्रम तपसिल बमोजिम रहेको छ ।

तपसिलः

| क.सं. | आयोजना तथा कार्यक्रम | विनियोजित रकम | बजेट स्रोत |
|---|---|---|---|
| १ | माझाचौर देखि कृष्ण मा वि खानेपानी | ५५ लाख | विशेष अनुदान |

| | | | |
|---|---|---|---|
| | योजना निर्माण | | |
| २ | माझा गैरागाउँ डाँडागाउँ हुँदै भुवानथान सडक निर्माण तथा स्तरोन्नती | १ करोड २० लाख | समपुरक अनुदान |
| ३ | सुर्योदय आ वि २ कोठे भवन निर्माण ठाटीकाँध ६ | २५ लाख | कर्णाली प्रदेश सशर्त अनुदान |
| ४ | वडा कार्यालय भवन निर्माण ठाटीकाँध वडा नं ५ | २५ लाख | कर्णाली प्रदेश सशर्त अनुदान |
| ५ | चगती तटवन्धन ठाटीकाँध ५ | १० लाख | कर्णाली प्रदेश सशर्त अनुदान |
| ६ | डोहला खोला तिर्थेखेतसिचाई ठाटीकाँध २ | १० लाख | कर्णाली प्रदेश सशर्त अनुदान |
| ७ | अल्छिबारी खातीगाउँ खानेपानी मर्मत ठाटीकाँध १ | १५ लाख | कर्णाली प्रदेश सशर्त अनुदान |
| ८ | डाउरे धारा देखि जुकेपानी सडक योजना ठाटीकाँध १ | २९ लाख | कर्णाली प्रदेश सशर्त अनुदान |
| ९ | छडाथान कोलार चाँदेगडा सडक योजना ठाटीकाँध गा पा ५, ६ | २५ लाख | कर्णाली प्रदेश सशर्त अनुदान |
| १० | वाह्यपघर देखि भुवादाडा गोठीखोला डुप्का सडक स्तरोन्नती वडा नं ३ | १० लाख | कर्णाली प्रदेश सशर्त अनुदान |
| ११ | पुलवजार मटेला गाईधारा माईकाथान सडक निर्माण तथा स्तरोन्नती ठाटीकाँध गा पा वडा नं १ ३ र ४ | २० लाख | कर्णाली प्रदेश सशर्त अनुदान |
| १२ | रामागाड पक्किपुल देखि वजाया हुँदै वाहाकोट सम्म सडक स्तरोन्नती ठाटीकाँध ३ | २० लाख | कर्णाली प्रदेश सशर्त अनुदान |
| मुख्यमन्त्री रोजगार कार्यक्रम तर्फका योजनाहरु | | | |
| १ | पानीटेंकि सुचियाँ तटबन्धन तथा भूक्षय निर्माण योजना ठाटीकाँध १ दैलेख | १५ लाख | कर्णाली प्रदेश सशर्त अनुदान |
| २ | डोहोला खोला देखी तिर्तेखेत सिंचाई योजना ठाटीकाँध २ दैलेख | १५ लाख | कर्णाली प्रदेश सशर्त अनुदान |
| ३ | टाटा नाँके खानेपानी योजना मर्मत तथा निर्माण योजना ठाटीकाँध ३ दैलेख | १५ लाख | कर्णाली प्रदेश सशर्त अनुदान |

| | | | |
|---|---|---|---|
| ४ | धनकोट कालिका आ वि भूसंरक्षण तथा तटबन्धन निर्माण योजना ठाटीकाँध ४ दैलेख | १५ लाख | कर्णाली प्रदेश सशर्त अनुदान |
| ५ | आग्र पुरानो स्वास्थ्य चौकी देखि टमटा टोल हुँदै लाटा मन्दिर सम्म पर्यटकिय मार्ग पक्कि सिँडी निर्माण योजना ठाटीकाँध ५ दैलेख | १५ लाख | कर्णाली प्रदेश सशर्त अनुदान |
| ६ | धोलापाडा माई मन्दिर पर्यटकीय पदमार्गको लागि पक्कि सिँडी निर्माण योजना ठाटीकाँध ६ दैलेख | १५ लाख | कर्णाली प्रदेश सशर्त अनुदान |
| कर्णाली प्रदेश सरकार बाट प्राप्त चालु कार्यक्रम | | | |
| १ | कर्णाली प्रदेश सरकारको सुत्केरी पोषण कोसेली कार्यक्रम | ६ लाख ८८ हजार | कर्णाली प्रदेश सशर्त अनुदान |
| २ | स्वास्थ्य स्वयम सेविकालाई प्रोत्साहन भत्ता | १२ लाख २४ हजार | कर्णाली प्रदेश सशर्त अनुदान |

४० संघीय सरकारबाट वित्तीय हस्तान्तरण भई आएका विशेष अनुदान र समपुरक अनुदान तर्फ निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्राप्त रू.४ करोड ६३ लाख विनियोजन भएको छ ।

<u>तपसिल:</u>

| क्र.सं. | आयोजना तथा कार्यक्रम | विनियोजित रकम | बजेट स्रोत |
|---|---|---|---|
| १ | मानाकोट ठाटीकाँध विजारे धनकोट काँध सडक नयाँ निर्माण तथा स्तरोन्नती ठाटीकाँध वडा नं १,६,२ र ४ | १ करोड ४८ लाख | समपुरक अनुदान |
| २ | मटेला बाहाकोट मदानताल पर्यटकिय सडक स्तरोन्नती योजना | १ करोड ५ लाख | समपुरक अनुदान |
| ३ | गैरागाउँ सिचाई कुलो निर्माण ठाटीकाँध गा पा वडा नं ४ दैलेख | १ करोड १० लाख | विशेष अनुदान |
| ४ | बिजारे खानेपानि योजना | १ करोड | विशेष अनुदान |

४१ नेपाल सरकारको कार्यक्रम अन्तर्गत सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रमको लागि रु ८ करोड ५० लाख समावेश गरेको छु ।

**सभाध्यक्ष महोदय ,**

अब म माथिका क्षेत्रगत नीति तथा कार्यक्रमहरू कार्यान्वयनका लागि बजेट विनियोजन र स्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्न अनुमति चाहन्छु ।

- ठाटीकाँध गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८३।०८४ को लागि कुल बजेट मध्ये चालु खर्च तर्फ रु २९ करोड ८ लाख ४५ हजार १ सय २५ रुपैंया, पुँजिगत तर्फ रु १५ करोड ५३ लाख ६८  हजार र लक परियोजनाको रु २ करोड ५८ लाख गरी कुल जम्मा रु ४७ करोड २३ लाख २९ हजार १ सय २५ रुपैयाको बजेट पेश गरेको छु । जसमध्ये चालु खर्च तर्फ ६१ प्रतिशत, पुँजिगत तर्फ ३२ प्रतिशत र लक परियोजनका लागि ७ प्रतिशत  विनियोजन गरिएको छ । आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोत मध्ये (संघीय सरकार र प्रदेश सरकारको एकमुष्ठ) समानीकरण अनुदान बाट रु. ८ करोड ९५ लाख ६८ हजार, सशर्त अनुदानबाट रू.१८ करोड ६ लाख १२ हजार, विशेष अनुदानबाट  रु २ करोड ६५ लाख, समपुरक अनुदानबाट रु ३ करोड ९३ लाख, राजश्व बाँडफाँडबाट रू. ८ करोड ७६ लाख ३३  हजार १ सय २५ रुपैंया र आन्तरिक स्रोत तर्फ १ करोड २२ लाख, जिम्मेवारी रु १ करोड र लक परियोजना अन्तरगत रु २ करोड ५८ लाख गरी जम्मा रू. ४७ करोड २३ लाख २९ हजार १ सय ५९ रुपैंया मात्र व्यहोरिनेछ ।
- त्यस्तै, नेपाल सरकारको वार्षिक कार्यक्रम अन्तर्गत सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रमबाट ८ करोड ५० लाख खर्च हुने अनुमान गरेको छु ।
- आर्थिक वर्ष २०८१।०८२ को यथार्थ खर्च, आर्थिक वर्ष २०८२।०८३ को संशोधित अनुमान र आगामी आर्थिक वर्ष २०८३।०८४ को अनुमानित आय व्ययको विवरण अनुसूचीमा प्रस्तुत गरेको छु।

**सभाध्यक्ष महोदय ,**

अब म आगामी आर्थिक बर्ष २०८३।०८४ को राजस्व परिचालनको नीति प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

- कर प्रणालीलाई आर्थिक र सामाजिक न्यायका लागि उपयोग गर्ने नीति लिइनेछ । शिक्षा, स्वास्थ्य लगायतका आधारभुत सेवा सुविधामा लगानी वृद्धि एवम् नागरीकको पहुँच विस्तार गरी जीवनस्तरमा सुधार ल्याउन, पालिकाको पुर्वाधार विकासका लागि आवश्यक स्रोत जुटाउन र नागरीक हित एवम् सामाजिक आर्थिक न्याय प्रत्याभुत गर्न राजश्व परिचालनलाई दिगो, भरपर्दो, व्यवस्थित र अनुमानयोग्य बनाउनु राजश्व नीतिको मुख्य उदेश्य हुनेछ । उपयुर्क्त उदेश्य हासिल गर्न देहाय बमोजिमको राजश्व नीति अवलम्बन गरीनेछ ।

क) करको दायरालाई विस्तार गर्न अनौपचारिक रुपमा सञ्चालनमा रहेका सबै प्रकारका व्यवसायलाई दर्ता तथा अभिलेखिकरण गरी गाउँपालिकावाट प्रवाह हुने सेवासंग आवद्ध गरीने छ । साथै गाउँपालिका भित्र सञ्चालनमा रहेका सम्पुर्ण उद्योग व्यवसायलाई औपचारिक

रुपमा दर्ता हुन आएमा निश्चित अवधिसम्म करमा विशेष छुट तथा थप सुबिधा प्रदान गर्न कर संकलनका लागि घुम्ती शिविर सञ्चालन गरीने छ ।

ख) गाउँपालिकाको आन्तरिक श्रोत साधनको प्रभावकारी परिचालन गर्न प्रगतिशिल कर प्रणालीको विकास, सक्षम कर प्रशासनको निर्माण, करका दायरा विस्तार र राजस्व चुहावट नियन्त्रण प्रभावकारी वनाईनुका साथै मुल्याङ्कनमा आधारित सम्पत्ति कर घोषणाको नीति अवलम्वन गरीनेछ ।

ग) गउँपालिकाको राजश्व सुधार कार्ययोजना तयार गरी राजश्वका क्षेत्रहरु पहिचान गर्दै आगामी वर्ष देखि राजश्व अभिबृद्धि गर्न सोही कार्ययोजना लाई कार्यान्वयन गरी आन्तरिक राजश्व बृद्धि गर्न आवश्यक ऐन कानुन र नियमावली बनाईनेछ ।

घ) कर तथा गैरकर सम्वन्धी ऐन तर्जुमा गरी राजश्व प्रणालीलाई सुदृढीकरण गरीने छ ।

ङ) राजश्वका दायरालाइ फराकिलो गर्नुका साथै राजश्व वृद्धि हुने खालका नवप्रवर्द्धनकारी क्षेत्रको पहिचान गरीनेछ ।

च) ठाटीकाँध गाउँपालिकाको कर राजश्वको अभिलेख अद्यावधिक गरी राजश्व असुलीलाइ थप प्रभावकारी बनाइनेछ ।

छ) व्यरुजु फर्छ्येयौटलाई विशेष प्राथमिकता दिई वित्तिय शुसासन कायम गरिने छ।

सभाध्यक्ष महोदय,

सम्मानित सभाका सदस्य ज्यूहरु

- प्रस्तुत वजेट तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गरी समृद्ध ठाटीकाँध गाउँपालिका निर्माण गर्नमा सहयोग तथा सहकार्यका लागि नेपाल सरकार, कर्णाली प्रदेश सरकार, विकास साझेदारहरु, निजी क्षेत्र, अन्तराष्ट्रिय दातृ निकाय, गाउँपालिकाका कर्मचारीहरु, आम नागरीक र सम्पूर्ण वुद्धिजीवी एवं प्रवुद्ध वर्गमा हार्दिक अपिल गर्दछु।
- अन्त्यमा आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमाका विभिन्न चरणहरुमा रचनात्मक सल्लाह, सुझाव तथा सहयोग प्रदान गर्नुहुने विभिन्न राजनीतिक दलहरु, जनप्रतिनिधी ज्यूहरु, विषयगत समितिका संयोजक एवम् सदस्य ज्यूहरु, नागरीक समाज, पत्रकार ज्यूहरु, विभिन्न विकास साझेदार निकाय तथा कर्मचारी मित्रहरु लगायत सम्पूर्णमा हार्दिक आभार व्यक्त गर्दछु । बजेट तथा कार्यक्रमको तर्जुमा कार्यमा अहोरात्र खटिने प्रमुख प्रशासकीय अधिकृत र विषयगत शाखाका शाखा प्रमुख लगायत सम्पूर्ण कर्मचारीहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

धन्यवाद

# अनुसूची १

| ठाटीकाँध गाउँपालिकाको आ ब २०८३।०८४ को आय प्रस्तावित आय विवरण | | | | |
|---|---|---|---|---|
| क्र सं | विवरण | गत आ ब २०८१।०८२ को यथार्थ आय अनुमान | चालु आ ब २०८२।०८३ को संसोधित आय अनुमान | आगामी आ ब २०८३।०८४ को प्रस्तावित आय अनुमान |
| क | संघीय सरकारबाट प्राप्त हुने अनुदान | | | |
| १ | वित्तीय समानीकरण अनुदान | ७९५००००० | ७८४००००० | ७९२००००० |
| २ | राजश्व बाँडफाँड | ८५०९९९९९ | ८२९०२८४४ | ८६०६७००० |
| ३ | सशर्त अनुदान | १४२२००००० | १४७३००००० | १५०८००००० |
| ४ | समपुरक अनुदान | ११५००००० | १४०००००० | २७३००००० |
| ५ | विशेष अनुदान | १२०००००० | २५५००००० | २१०००००० |
| | जम्मा रकम रु | ३३०२९९९९९ | ३४८१०२८४४ | ३६४३६७००० |
| ख | कर्णाली प्रदेश सरकारबाट प्राप्त हुने अनुदान | | | |
| १ | वित्तीय समानीकरण अनुदान | ८५२०००० | ९८८७००० | १०३६८००० |
| २ | राजश्व बाँडफाँड सवारी साधन कर समेत | ८०८६६८ | १६३२२१५ | १५६६१२५.४ |
| ३ | सशर्त अनुदान | २७०४३००० | १८८००००० | २९८१२००० |
| ४ | समपुरक अनुदान | १०००००००० | २३६०९००० | १२०००००० |
| ५ | विशेष अनुदान | ५०००००० | ८०००००० | ५५००००० |
| | जम्मा रकम रु | ५१३७१६६८ | ६१९२८२१५ | ५९२४६१२५ |
| ग | आन्तरिक आम्दानी | | | |

| | | | | |
|---|---|---|---|---|
| १ | मालपोत कार्यालयबाट प्राप्त हुने बाँडफाँड हुने राजश्व बाँडफाँडको रकम | ० | | ४००००० |
| २ | गाउँपालिकाको आन्तरिक आय अनुमानित रकम | ३०९०००० | १००००००० | १२२००००० |
| ३ | गत आ ब को जिम्मेवारी अ ल्या | ९८७५००३ | १५६४३७१८. | १००००००० |
| | जम्मा रकम रु | १२९६५००३ | २५६४३७१८ | २२६००००० |
| घ | अन्य विविध आम्दानी | | | |
| १ | विविध आय | | | |
| २ | सडक वोर्ड नेपाल | २२२१७७७ | २२०६७६९ | |
| ३ | लक परियोजना सञ्चालन अनुदान | | १३९००००० | २५८००००० |
| ४ | सूचना प्रविधि अधिकृत तलब भत्ता | ४३६५०० | ४६०००० | |
| | जम्मा रकम रु | २६५८२७७ | १६५६६७६९ | २५८००००० |
| ङ | जेष्ठ नागरिक तथा सामाजिक सुरक्षा कार्यक्रम | | | |
| १ | जेष्ठ नागरिक तथा सामाजिक सुरक्षा कार्यक्रम | ८३८९३००० | ८३३४९००० | ८५०००००० |
| | जम्मा रकम रु | ८३८९३००० | ८३३४९००० | ८५०००००० |
| | कूल जम्मा रकम रु | ४८११८७९४७ | ५३५५९०५४६ | ५५७०१३१२५ |